**मिति २०८२ जेष्ठ १३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा ।
३. विपद् तथा आर्थिक सहायताको लागि बजेट व्यवस्था सम्बन्धमा ।
४. सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको पत्र सम्बन्धमा ।
५. गणतन्त्र दिवस मनाउने सम्बन्धमा ।
६. काज स्वीकृत गर्ने सम्बन्धमा ।
७. अनुगमन तथा सुपरिवेक्षण प्रतिबेदन स्वीकृत गर्ने सम्बन्धमा ।
८. जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन सम्बन्धमा ।
९. गाउँ शिक्षा योजना निर्माणमा भएको खर्च अनुमोदन सम्बन्धमा ।

## मिति २०८२/०२/१३ गतेको चौधौ गाउँकार्यपालिका बैठकका निर्णयहरु:

| निर्णय नं. | निर्णयहरु |
| --- | --- |
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अबस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि विभिन्न क्षेत्रका महानुभावहरुको राय, सुझाव संकलन गर्नको लागि मिति २०८२ जेष्ठ २२ गते गाउँपालिकामा राय सुझाव संकलन गर्ने तथा विषयगत समितिहरुले नीति तथा कार्यक्रम तयार गरी मिति २०८२ जेष्ठ २५ गते गाउँपालिकामा पेश गर्ने । साथै वडा कार्यालयहरुले गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, दिगो विकासका सूचकहरु लगायतका विविध पक्षलाई दृष्ट्रिगत गरी बस्ती स्तरका योजनाहरु छनौट गर्ने । गाउँसभाको १८ औं अधिबेशन मिति २०८२ असार ६ गते शुक्रबार दिनको १:०० बजे आब्हान गर्ने । |
| ३. | देहाय अनुसारको बजेट व्यवस्था गरी भुक्तानी गर्ने ।<br>(क) रुरुक्षेत्र- ४ निवासी श्री विश्वराज पौड्यालले मिति २०६० चैत्र १५ गते देखी साविक बलेचौर प्राथमिक विद्यालयमा परिचर पदमा कामकाज गर्दै आएकोमा विद्यालय समायोजन पश्चात श्री जनबोध मा.वि. मा कामकाज गरेकोमा मिति २०८१/०४/११ देखी लागु हुने गरी अनिबार्य आवकाश भएकोले आवश्यक सहयोग उपलब्ध गराइदिनुहुन भनी यस कार्यालयमा निवेदन पेश गरेकोले निजलाई अन्य सामाजिक सुरक्षा सहायता शिर्षकबाट रु. ६० हजार उपलब्ध गराउने ।<br>(ख) रुरुक्षेत्र-१ निवासी मनिराम ज्ञवालीको अविरल बर्षाको कारण मोटरबाटो बाट आएको भलले कटान गर्दा घर र शौचालय जोखिममा रहेकोले निजलाई प्रकोप व्यवस्थापन कोषबाट रु. ४० हजार भुक्तानी गर्ने ।<br>(ग) रुरुक्षेत्र-४ निवासी कोपिला ज्ञवालीको घर मिति २०८१/१२/३० मा आएको हावाहुरी सहितको पानीले घरको छाना सहित डाँडाभाटा काम नलाग्ने अवस्थामा पुर्‍याएको हुँदा निजलाई घर मर्मतको लागि प्रकोप व्यवस्थापन कोषबाट रु. ४० हजार भुक्तानी गर्ने ।<br>(घ) मिति २०८१ चैत्र २७ गते आएको पानी र हावाहुरीले रुरुक्षेत्र-६, बम्घा पिकनिकस्थलको ट्रसको छाना उडाएर क्षति पुर्‍याएको हुँदा सो मर्मतको लागि प्रकोप व्यवस्थापन कोषबाट रु. ५५ हजार विनियोजन गर्ने ।<br>(ङ) १ नं. वडा कार्यालयको नयाँ भवनमा सेवाग्राहीको सहजताको लागि गेट, सिडी, रेलिङ लगायतको कार्य गर्न रु ४९ हजार बजेट बिनियोजन गर्ने । |
| ४. | सम्मानित सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ६१८ मिति २०८१/१२/२८ को कालीगण्डकी नदीको जलउपयोग एवम् ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्, उपभोग एवम् विक्री वितरणलाई अफ व्यवस्थित, अनुमान योग्य, प्रभावकारी अनुगमन तथा कसूर गर्नेलाई दण्डित गर्ने समेतका सेहबाट निर्देशनात्मक आदेश समेत जारी भएको पत्र बैठकमा |

| | |
|---|---|
| | जानकारी गराईयो । |
| ५. | गणतन्त्र दिवस, २०८२ भव्य रुपमा मनाउन सबै वडा कार्यालयहरु र गाउँपालिकाको कार्यालयमा मिति २०८२ जेष्ठ १४ गते कार्यालय परिसर सरसफाई गर्ने, जेष्ठ १५ गते गणतन्त्र दिवसको अवसरमा गोलपोखरी थोर्गा चौरफाँट भ्रो.पु., रुरुक्षेत्र-१ र २ गुल्मीको समुद्घाटन कार्यक्रम, स्वर्गीय ज्ञानहरी पार्क, रुरुक्षेत्र-२ को समुद्घाटन र स्वर्गीय ज्ञानहरी ज्ञवालीको शालिक अनावरण कार्यक्रम वडा नं. २ को बेसिकाचौरमा लुम्बिनी प्रदेश सरकारका माननीय भौतिक पूर्वाधार विकास मन्त्रीबाट समुद्घाटन कार्यक्रम गर्ने । साथै जेष्ठ १५ गते कार्यालय परिसरमा दिपावली गर्ने । |
| ६. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट चीनमा ०६ जुन २०२५ देखी १९ जुन २०२५ सम्म आयोजना हुने Seminar on Rural E-Commerce for B&R Countries कार्यक्रममा सहभागिताका लागि यस गाउँपालिकामा कार्यरत ना.सु. श्री राम प्रसाद ज्ञवाली मनोनयन भएकोले उक्त कार्यक्रममा सहभागि हुने प्रयोजनको लागि २०८२ जेष्ठ १८ देखी मिति २०८२ असार ८ गतेसम्मको गाउँपालिकालाई आर्थिक भार नपर्ने गरी काज स्वीकृत गर्ने । |
| ७. | गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिले विभिन्न योजनाहरुको अनुगमन गरी पेश गरेका अनुगमन तथा सुपरीबेक्षण प्रतिबेदन स्वीकृत गर्ने र योजनाहरुको प्राविधिक जाँचपास गरी पेश भएका योजनाहरुको फरफारक गरी भुक्तानी गर्ने । |
| ८. | जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता मिति २०८२ जेष्ठ १८ देखी २० गतेसम्म घिउबेंसी, खेलमैदानमा संचालन हुने भएकोले उक्त कार्यक्रम भव्य रुपमा सम्पन्न गर्ने, सो कार्यक्रमको लागि आवश्यक व्यवस्थापन गाउँपालिकाबाट गर्ने र सो कार्यक्रममा भएको खर्च गाउँपालिकाबाट भुक्तानी गर्ने । |
| ९. | चालु आ.व. २०८१/०८२ मा गाउँ शिक्षा योजना निर्माण गरिएको उक्त योजना निर्माण गर्दा खर्च भएको देहाय अनुसारको रकम अनुमोदन गर्ने र संघिय सशर्त अनुदान अन्तर्गत शैक्षिक सुशासन प्रवर्द्धन कार्यक्रममा विनियोजित बजेट रु. ३ लाखबाट भुक्तानी गर्ने ।<br>देहाय:<br>बैठक संचालन खर्च: रु. ४१,०००/-<br>वडागत सुझाव संकलन खर्च (खाजा, गाडीभाडा, व्यानर): रु. १८,२२०/-<br>लेखन पारिश्रमिक:<br>संयोजक: श्री शेषनारायण पौडेल- रु.४०,०००/-<br>सदस्य: श्री मिन प्रसाद ज्ञवाली- रु.४५,०००/-<br>सदस्य सचिव: श्री तेज बहादुर कुमाल (शिक्षा शाखा)- रु.४०,०००/-<br>कर्मचारी: श्री अन्जना अर्याल- रु.३०,०००/-<br>खाजा खर्च- रु. ४,८००/-<br>गा.पा. स्तरमा सुझाव संकलन: रु. १५,०००/-<br>शिक्षा योजना डिजाइन तथा छपाई: रु. ५०,०००/-<br>जम्मा रकम रु. २,८४,०२०/- |

CamScanner